म.जि.प्र.का दर्ता न:
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर


म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २७७ २०८१ भदौ १४ गते शुक्रबार 30 August 2024, Friday - पृष्ठ ४ मूल्य रू. ५/-




## हस्तकलाग्राम स्थापना र सञ्चालन विधेयकमाथि छलफल

# सीप संरक्षण र बजारीकरणको कानुनी व्यवस्था गर्न सुझाव

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेशसभाको विषयगत समितिमा छलफलका क्रममा रहेको प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि सांसद र सरोकारवालाबिच अन्तरक्रिया भएको छ । बुधबार एक कार्यक्रमबिच प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि उद्योग, पर्यटन तथा वातावरण समितिमा समितिका सभापति, सांसद र सरोकारवालाबिचमा अन्तरक्रिया भएको हो ।

अन्तरक्रिया कार्यक्रममा व्यवसायी तथा उद्योगीहरुले सञ्चालन तथा बजारीकरणमा सरकारको सहयोग आवश्यक रहेको औंल्याए । हस्तकलासम्बन्धी सीप संरक्षण र बजारीकरणको कानुनी व्यवस्था गर्न जरुरी रहेको उनीहरुको भनाइ छ । हस्तकला उद्योगको प्रवर्द्धनका लागि दर्ता तथा नवीकरण प्रक्रिया सहज गर्न, कर तथा राजस्वमा छुट दिने व्यवस्था गर्न उनीहरुले सुझाव दिएका छन् ।

पेसा तथा व्यवसायका विषयहरुमा प्रभावकारी योजना निर्माण तथा कार्यान्वयनका लागि सम्बन्धित उद्योग तथा व्यवसाय र संस्थाहरुलाई कानुनी र संरचनामा सहभागी गराउनुपर्ने उनीहरुको भनाइ छ ।

### यस्तो छ विधेयकमाथि सरोकारवालाको सुझाव

कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष अनिल अग्रवालले हस्तकलाग्राम स्थापना तथा सञ्चालन परिषद्मा व्यवसायीहरुलाई पनि सहभागी गराउनुपर्ने बताउनुभयो । निजी क्षेत्रलाई प्रमोट गर्नका लागि सरकारले विधेयकमा विशेष व्यवस्था गर्नुपर्ने उहाँले बताउनुभयो ।

उद्योग स्थापनाको पहिलो ५ वर्ष जग्गाभाडा, करलगायत सबै छुट हुनुपर्ने र जग्गा लिएर २ वर्षसम्म उद्योग सञ्चालन नगरेमा स्वत: खारेज हुने व्यवस्था गर्नुपर्ने सुझाव दिनुभयो । जग्गा कब्जा गर्ने उद्योग सुरु/सञ्चालन नगर्नेलाई हतोत्साहित गर्नुपर्ने अग्रवालको सुझाव छ । हस्तकलाबारे सार्वजनिक स्थानमा प्रचार प्रसार गर्नुका साथै प्रदर्शनीमा राखिनुपर्ने उहाँको भनाइ छ ।

गैरसरकारी संस्था महासंघ मकवानपुरकी अध्यक्ष रमिला सापकोटाले स्रोत साधनको पहिचानको पाटोलाई ऐनमा नै व्यवस्था गर्नुपर्ने बताउनुभयो । संघीयता कार्यान्वयनको सवालमा विधेयकले स्थानीय सरकारलाई बलियो र जिम्मेवार बनाएर अघि बढाउनुपर्ने उहाँको भनाइ छ । कलाको संरक्षण स्थानीय सरकारको जिम्मेवारी भएकाले अपनत्व दिलाउन जरुरी रहेको उहाँले बताउनुभयो ।

घरेलु तथा साना उद्योग महिला समिति सभापति गीता मैनालीले उत्पादनको बजारीकरण सबैभन्दा ठूलो समस्या रहेको बताउनुभयो । करमात्रै तिर्नका लागि किन उद्योग दर्ता गर्ने भन्दै उहाँले सीपको प्रवर्द्धन गरेर मात्र नहुनेमा जोड दिनुभयो । उत्पादित वस्तुको बजारीकरणमा जोड दिनुपर्ने उहाँको भनाइ छ । स्पष्ट नीति र कानुन बनाएर स्थानीय स्रोत साधनबाट बनेका हस्तकलालाई बजारसम्म पुर्‍याउने वातावरण तयार गर्न उहाँले सुझाव दिनुभयो ।



घरेलु तथा साना उद्योग महासंघ मकवानपुर अध्यक्ष गणेशहरि उप्रेतीले हस्तकलालाई उद्यमको रुपमा पितृत्व हस्तान्तरण नभएकोमा गुनासो गर्नुभयो । आय सुनिश्चित नभएकाले रैथाने हस्तकलाहरु लोप भइरहेको उहाँको भनाइ छ । करमा छुट दिने, हस्तकलाको बजार बलियो हुने, विदेश पैठारीमा समेत सरकारले सहजीकरण र कानुनी व्यवस्था सहज गर्नुपर्ने उहाँले बताउनुभयो । हस्तकलाले देश र स्थानको पहिचान बनाउने भएकाले प्रदेशको १३ जिल्लामा १३ प्रकारको विषेश हस्तकलाको पहिचान बनाउनुपर्ने उहाँको सुझाव छ ।

हस्तकला महासंघ मकवानपुरका अध्यक्ष रमेशराज बज्राचार्यका अनुसार हस्तकला उद्योगी, व्यवसायीहरुको हितमा कानुन निर्माण गर्नुपर्ने हुन्छ । हस्तकला उद्योगीको उत्पादन लागत र बजारका समस्यालाई कानुनमा समेट्न जरुरी रहेको उहाँले बताउनुभयो ।

हस्तकला महासंघ मकवानपुरका निवर्तमान अध्यक्ष तथा थान्का व्यवसायी ज्ञानभक्त लामाले हस्तकलालाई उद्योगको रुपमा विकास गर्नै समस्या रहेको बताउनुभयो । कामको प्रकृति र लागत बढी हुँदा बजारीकरणमा समस्या रहेको उहाँको भनाइ छ । स्थानीय स्रोत साधान अनुसारको उत्पादनलाई कानुनीरुपमा नै प्राथमिकता दिनु जरुरी रहेको उहाँले बताउनुभयो । कच्चापदार्थ उत्पादन, भण्डारणको दीर्घकालीन सोंच आवश्यक रहेको उहाँले बताउनुभयो ।

### कानुन कार्यान्वयन र प्रभावकारिताको अडिट गरिनुपर्छ: सभापति श्रेष्ठ

कार्यक्रममा उद्योग, पर्यटन तथा वातावरण समितिका सभापति आनन्दकुमार श्रेष्ठले प्रदेशसभाले निर्माण गरेको कानुनहरुको प्रभावकारिता र उपयोगिताको अध्ययन हुनुपर्ने बताउनुभयो । आर्थिक क्रियाकलापको परीक्षण भएजस्तै कानुन कार्यान्वयन र प्रभावकारिताका विषयमा पनि अडिट गरिनुपर्ने उहाँको भनाइ छ ।

'सरकारले आफ्नो अनुकूलतामा विधेयक ल्याउँछ । तर त्यसको प्रभावकारितामा पनि ख्याल गर्नुपर्छ । जनताको विचार, भावनालाई समेट्न सकेमा मात्रै विधेयक/ऐनको प्रभावकारिता झल्किन्छ । यस विषयमा संसद, सरकार र संसदीय समितिहरु सचेत रहनुपर्छ ।' सभापति श्रेष्ठले भन्नुभयो- 'अन्तर्राष्ट्रिय सन्धि, सम्झौतालाई जोडेरमात्रै विधेयक वा ऐनको उद्देश्य पूरा हुँदैन । आर्थिक कारोवारको जस्तै हामीले बनाएका ऐन कानुनको पनि अडिट हुनुपर्छ । कानुनको अडिट गर्ने सरोकारवालाहरुले हो । यस्ता छलफलले कानुनको मूल्य, आवश्यकता र प्रभावकारिताको अडिट गर्छ ।' विधेयकलाई थप व्यवस्थित र परिमार्जित गरेर प्रतिवेदन तयार गर्ने र संसदमा पेश गर्ने उहाँले बताउनुभयो ।

संघीय सरकारले बनाएको औद्योगिक कानुनले प्रदेशको हस्तकलाग्राम चिन्ने अवस्था नरहेको उहाँको भनाइ छ । प्रदेश सरकारले ल्याएको हस्तकलाग्रामको सवाल केन्द्रीय सरकारलाई कसरी चिनाउने भन्नेमा हाम्रो लविङ हुनुपर्ने उहाँले बताउनुभयो । उद्योग तथा वाणिज्यका विषयमा सर्वसाधारण र साना लघुउद्यमीहरुको समेत ऐनमा सम्बोधन हुनुपर्ने सभापति श्रेष्ठले बताउनुभयो ।

साना उद्यमीहरुको सहजताका लागि प्रदेश सरकारले हस्तकलाग्रामको विधेयक संसदमा पेश गरेको उहाँले बताउनुभयो । हस्तकलाग्राम विधेयक तथा ऐनबाटै स्थानीय तहलाई जिम्मेवार बनाउन पहल गर्नुपर्ने उहाँको भनाइ छ ।

कार्यक्रममा बागमती प्रदेशसभा सदस्य भारती पाठकले सरकार र जनताबीचको सहकार्य सबै सवालमा हुनु जरुरी रहेको बताउनुभयो । नेपाली कलाको प्रचारप्रसार, पहिचानको सवाललाई सम्बोधन गर्न हस्तकला विधेयक अत्यन्तै आवश्यक रहेको उहाँले बताउनुभयो । साना-साना उद्यमीहरुलाई कसरी प्राथमिकता दिने भन्ने सवाल संसद र समितिले पनि प्राथमिकता दिएको उहाँको भनाइ छ ।

'साना उद्यमलाई प्रमोट गर्नुपर्छ । सानालाई कानुनी अड्चन हैन, विभिन्न छुट सुविधा दिनुपर्छ । हस्तकलाको सामग्रीहरु जति हेर्नमा आकर्षक हुन्छन्, त्यति नै बहुमूल्य छन् । कच्चापदार्थको उत्पादन तथा भण्डारणमा पनि ध्यान दिनु जरुरी छ ।' उहाँले भन्नुभयो ।

प्रदेशसभा सदस्य ठूला थामीले प्राचिनकालमा अरनिकोको कलाले चिनाएको देशमा अहिले हस्तकलाको विषय उठान भएको बताउनुभयो । प्रदेशसभामा छलफलका क्रममा रहेको हस्तकलाग्राम सम्बन्धी विधेयक उत्कृष्ट बनाउने प्रयत्न भइरहेको उहाँले बताउनुभयो ।

प्रदेशसभा सदस्य धनेश्वरी प्रजापतिले हस्तकलाको उपभोग सरकारी पदमा रहेकाहरुको लागि अनिवार्य गर्नुपर्ने व्यवस्था गर्न आग्रह गर्नुभयो । स्थानीयस्तरमा तयार हुने धुप बत्ती, टपरीजस्ता सीपलाई उद्योगको रुपमा मान्यता दिन र आयसँग जोड्न जरुरी रहेको उहाँले औंल्याउनुभयो । हस्तकलासम्बन्धी सीपको संरक्षणमात्रै नभई पहिचानको रुपमा अघि बढाउनुपर्ने उहाँको भनाइ छ । कतिपय सीप र कलाहरु प्रचारको अभावले गुमनाम रहेको उहाँले बताउनुभयो ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# व्यवसायीका लगानी सुरक्षित गर्छौं: मुख्यमन्त्री लामा

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले प्रदेश सरकार व्यवसायीहरुको लगानीलाई सुरक्षित गर्न तयार रहेको बताउनुभएको छ । बिहीबार हेटौंडामा आयोजित नेपाल लोकतान्त्रिक यातायात व्यवसायी संघ बागमती प्रदेशको प्रथम अधिवेशनलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री लामाले प्रदेश सरकारले व्यवसायीहरुको लगानी सुरक्षा गर्ने बताउनुभएको हो ।

यातायात व्यवसायमा संलग्न लगानीकर्ताहरुलाई आफ्नो लगानीको सुरक्षा महसुस गराउन प्रदेश सरकारले वातावरण तयार गरिदिने मुख्यमन्त्री लामाले बताउनुभयो । प्रदेश सरकार व्यवसायीहरुसँग सहकार्य गरेर अघि बढ्न तयार रहेको भन्दै उहाँले चाँडै यातायात व्यवसायीहरुको समस्यालाई समाधान गर्नुपर्ने बताउनुभयो । यस क्षेत्रको समस्यालाई समाधान गर्न राज्य पक्ष र व्यवसायी पक्ष बसेर ऐन नै परिवर्तन गर्नुपरे पनि गर्ने उहाँको भनाइ छ ।

अहिले वर्षाद्को समय र चाडपर्व नजिक रहेको सन्दर्भमा सवारी दुर्घटनाहरु बढी हुने भन्दै यस समस्या समाधान गर्न सबै जिम्मेवार हुनुपर्ने बताउनुभयो । राम्रो तयारी गरेका चालकहरुले लाइसेन्स पाउनुपर्ने खालको व्यवस्था गरी सबैलाई उत्तरदायी बनाउन आवश्यक रहेको उहाँको भनाई छ । व्यवसायीहरुको समस्यालाई कसरी समाधान गर्ने भन्ने सरकारको चासोको विषय बनेको उहाँले बताउनुभयो । उहाँले कर प्रणालीलाई व्यवस्थित गर्न जतिखेर पनि तिर्न सकिने व्यवस्था गर्नुपर्ने बताउनुभएको छ ।

यस्तै, संघका केन्द्रीय अध्यक्ष योगेन्द्रनाथ कर्माचार्यले अहिले यातायात ट्राफिक र सडक दुर्घटनाका समस्या भोग्नुपरेको बताउनुभयो । उहाँले बिग्रिएको सडकहरु चाँडो मर्मत गर्न र अनावश्यक रुपमा ट्राफिकबाट चेकिङको नाममा पाइरहेको समस्या समाधान गर्न सरकारले ध्यान दिन आवश्यक रहेको बताउनुभयो । आफूहरुले व्यवसायमात्र नभई राज्य र जनताको सेवा पनि गरिरहेको उहाँको भनाइ छ ।

संघका केन्द्रीय उपाध्यक्ष विजयबहादुर स्वारको सभाध्यक्षतामा भएको कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवम् बागमती प्रदेश सरकारका आर्थिक मामिलामन्त्री कुन्दनराज काफ्ले, प्रदेश सरकार आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछाने, विनाविभागीय मन्त्री मधुकुमार श्रेष्ठ, प्रदेश संसदीय दलका मुख्य सचेतक गोविन्द लम्साल, नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा र मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण गुप्ता अग्रवाललगायतको आतिथ्य रहेको थियो ।




OPENING SOON
ERKE
Erke brand authorized showroom
D next dress up
हेटौंडा-१०, राप्तीरोड
राजक शाही
मोबाइल नम्बर ९८५५०७०१५६

## सम्पादकीय

# उत्साहहीन सुरुवात

देशको शासन व्यवस्थामा तीन तहको संघीयता लागू भएको छ । संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकार छ । संघ (केन्द्र) र स्थानीय तहको अभ्यास विगतदेखि गरिँदै आएको भए पनि प्रदेश तहको संरचना मुलुकको लागि नयाँ हो । विगतमा भन्दा स्थानीय तहलाई बढी अधिकार दिइएको र प्रदेशको नयाँ संरचनाका कारण केन्द्रको अधिकार बाँडिएको छ । प्रदेश तह नयाँ भएका कारण यसले देशको सन्तुलित विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने धेरैको आशा र अपेक्षा थियो । तर, प्रदेशको व्यवस्थापिका एवम् कार्यपालिकाले आशातित प्रभावकारी काम गर्न सकेको छैन । करिब ७ वर्षसम्म पनि प्रदेशले आवश्यक कानुन निर्माण कार्यलाई पूर्णता दिन सकेको छैन । देशका सातैवटा प्रदेशमा स्थिर सरकार नबन्दा मन्त्रालय बढाउने र घटाउने खेल चलिरहेको छ । यसले प्रदेशमा राजनीतिक अस्थिरता र विकृति मौलाइरहेको छ ।

बागमती प्रदेशमा सरकार परिवर्तन भएको एक महिना पूरा भएको छ । केन्द्रमा नेपाली कांग्रेस र नेकपा एमालेबिच सत्ता सञ्चालनका लागि गठबन्धन भएपछि बागमती प्रदेशमा पनि कांग्रेस-एमालेको साझेदारीमा नयाँ सरकार बनेको हो । बागमतीको सरकारको नेतृत्व कांग्रेसका बहादुर सिंह लामाले लिएको एक महिनामा उल्लेखनीय कामको सुरुवात गर्न सकेका छैनन् । मुख्यमन्त्री लामा नेतृत्वको सरकारले एक महिनामा ३ वटा बैठक बसे पनि खासै महत्वपूर्ण निर्णय गर्न सकेको देखिँदैन । गत साउन ८ गते प्रदेश सरकारको मुख्यमन्त्री नियुक्त भएका लामाले साउन ९ मा ९ मन्त्रीलाई नियुक्त गरे भने १२ गते मन्त्रिमण्डर विस्तार गरी १४ सदस्यीय बनाए । प्रदेशमा १३ वटामात्र मन्त्रालय रहेकाले मुख्यमन्त्री लामाले एकजना मन्त्रीलाई अझै विभागीय जिम्मेवारी दिन सकेका छैनन् ।

मुख्यमन्त्री लामाले मन्त्रीहरुसँग कार्यसम्पादन सम्झौता गर्नेबाहेक एक महिना निर्वाचन क्षेत्र र जिल्लाका कार्यक्रममा सहभागी हुँदै र बधाई थाप्दै बितेको छ । प्रदेश मातहतका निकायमा आवश्यक अस्थायी दरबन्दी स्वीकृतबाहेक नागरिकलक्षित योजना तथा कार्यक्रम र निर्णय सरकारले गर्न सकेको छैन । सरकारको पहिलो महिनाको कामको गतिले नागरिक आशावादी हुने अवस्था देखिएको छैन । सरकारले सिस्टम बनाउने र व्यवस्थापनमा जोड दिने काम गरिरहेको दावी गर्दै मुख्यमन्त्री लामाले एक महिनामै सरकारको कामको नतिजा खोज्नु उचित नहुने बताएका छन् । सरकारले १०० दिनको उपलब्धी लक्षित गरेर काम अघि बढाएको भने पनि सरकारको दिशा र गति निश्चित हुन सकेको छैन । मन्त्रिपरिषद्लाई पूर्णता दिन निकै सकस बेहोरेका मुख्यमन्त्रीले अझै बिना विभागीय मन्त्रीलाई मन्त्रालयको जिम्मेवारी दिन सकेका छैनन् । मुख्यमन्त्री लामाले सबै मन्त्रालयलाई एक/एक वटा नागरिकसँग जोडिने र उपलब्धी देखिने ठोस काम गर्न निर्देशन दिएको भने पनि कुनै योजना र बजेटबिनाका त्यस्ता कार्यक्रम कस्तो होला ? प्रतीक्षाको विषय बनेको छ ।

विगतदेखि नै प्रदेश सरकारले प्रभावकारी र देखिने काम गर्न सकेको छैन । प्रदेश सरकारले ल्याएको नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन तथा त्यसबाट प्राप्त उपलब्धी पनि सन्तोषजनक छैन । संघीय सरकार र स्थानीय सरकारसँग प्रदेशको उचित समन्वय र सहकार्य हुन सकेको छैन । प्रदेश सरकारले आवश्यक कानुन निर्माणलाई तिब्रता दिन सकेको छैन भने प्रदेशसभामा पेश भएका विधेयकहरुसमेत वर्षौंसम्म संसदीय समितिमै अड्किइरहेको छ । गठबन्धन सरकारले सन्तुलित भएर काम गर्नुपर्ने बाध्यताका कारण पनि मुख्यमन्त्री लामालाई काम गर्न सहज हुने देखिँदैन । आफ्नै पार्टीभित्रको गुटको उचित व्यवस्थापन गर्न समस्या परिरहेको अवस्थामा सबैको चित्त बुझाएर प्रदेश सरकारको कामलाई गति दिन चुनौती नै हुनेछ । मुख्यमन्त्री लामा नेतृत्वको प्रदेश सरकारको सुरुवाती एक महिना उत्साहहीन देखिएको छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : सीप र ज्ञान बढाउने समय योग रहेको रहको छ । |
| वृष | : घमण्ड र अहंकार त्याग गर्दा राम्रो रहला । |
| मिथुन | : प्रतिष्ठा र धनधान्यमा वृद्धि हुने समय छ । |
| कर्कट | : लेखाइ- पढाइ मध्यमकारक रहने योग छ । |
| सिंह | : धार्मिक कृत्यका काममा सरिक भइएला । |
| कन्या | : जनसम्पर्कको दायरा बढ्ने समय योग छ । |
| तुला | : मनोबलमा कमी कमजोरी आउने योग छ । |
| वृश्चिक | : सामाजिक काम मध्यमकारक नै मान्नुपर्ला । |
| धनु | : वैदेशिक क्षेत्रका कामबाट हानि प्राप्त होला । |
| मकर | : परीक्षा प्रतियोगितामा सफलता प्राप्त होला । |
| कुम्भ | : धार्मिक र सामाजिक काममा सरिक भइने योग छ । |
| मीन | : भेटघाटमा समय व्यतित हुने समय योग छ । |

# शैक्षिक स्तर अभिवृद्धिको लागि वर्तमान परीक्षा प्रणाली नै बदल्नु पर्ने



रमेश प्रसाद लामिछाने, हेटौंडा

१. स्कूल वा कलेजको परीक्षा भन्ने बित्तिकै विद्यार्थीले परीक्षा हलमा दुई देखि चार घण्टासम्म बिताउने अर्को शब्दमा भन्दा पेपर पेन्सिल टेष्ट भन्ने बुझाई सबैमा छ। यो परम्परागत परीक्षा प्रणाली हो । यस अन्तर्गत, विद्यार्थीले लेख्ने, तोकिएको मिति र स्थानमा सिमित समय भित्र निश्चित दायरा र शर्तको अधिनस्थ रहि खास सबालका खास जवाफका आधारमा सम्बन्धित विद्यार्थीको एक सेमेष्टर वा एक वर्ष अवधिको सिकाई उपलब्धिको मापन नै हाम्रो परम्परागत परीक्षा प्रणाली बन्दै आएको छ । वर्ष भरी राम्रो गर्ने तर परीक्षामा विविध कारणले लेख्न नसक्नेको हकमा उपचार व्यवस्था छैन । बिरामी वा अस्वस्थता, घरायसी समस्या तथा अन्य तनावका कारणले उक्त तिन घण्टाको अवधि गुजार्न सकसमा परेका विद्यार्थीले जीवन पर्यन्त ब्यहोरेका पिडाहरु हामीले सुनेका र देखेका छौं । सैद्धान्तिक परीक्षाको यो स्थिति छ भने अर्को तर्फ प्रयोगात्मक परीक्षाको नाममात्र प्रयोग भएको अर्थात औपचारिकता पूरा गर्ने धेरैजसो पूर्णाङ्क जति नै अंक दिने वा २५ मा २२ भन्दा कम दिएको बिरलै भेटिन्छ । यो शैलीले समग्र परीक्षा प्रणाली नै बदल्नै पर्ने दबाव श्रृजना गरेको छ ।

२. तत्कालिन निम्न माध्यमिक तहको अन्तिम कक्षा ८ को परीक्षा जिल्लास्तरमा र माध्यमिक तहको अन्तिम परीक्षा अर्थात एसएलसीको परीक्षा नियन्त्रण कार्यालय अनि उच्च माध्यमिक तहको अन्तमा कक्षा ११ र १२ दुबैको परीक्षा उच्च माध्यमिक शिक्षा परिषदबाट संचालन हुँदैं आएको थियो। विश्वविद्यालय स्तरको वार्षिक वा सेमेष्टर परीक्षा सम्बन्धित विविका परीक्षा नियन्त्रण कार्यालयबाट संचालन हुँदै आएको छ । शिक्षा ऐनको आठौं संसोधन (२०७३ ले कक्षा १२ सम्म विद्यालय तह कायम गरी उच्च माध्यमिक शिक्षा परिषद खारेज गर्‍यो । माध्यमिक तहमै कक्षा १० को र कक्षा १२ को परीक्षा राष्ट्रिय परीक्षा बोर्डबाट संचालन हुने गरि तोकियो । यद्यपि कक्षा १० अर्थात एसईईको परीक्षा भने प्रदेश स्तरमा गर्ने भनिए पनि अझै कार्यान्वयन भै सकेको छैन । कक्षा ११ को परीक्षा विद्यालयलाई नै जिम्मा लगाउँदै कक्षा १२ को भने राष्ट्रिय परीक्षा बोर्डबाट संचालन हुँदै आएको छ । नतिजा प्रकाशनमा अक्षराङ्कन पद्धति लागु गरिएकाले परिक्षार्थी फेल नहुने तर नन ग्रेडेडहरु कक्षा प्रमोशनका लागि योग्य हुँदैनन्। धेरैले मौका परीक्षा मार्फत उपल्लो तहमा अध्ययनको अवसर पाएका छन्। मौका परीक्षाका लागि भने मापदण्ड तोक्ने काम परीक्षा बोर्डले गर्दै आएको छ । यद्यपि, मापदण्ड पनि आलोचनाबाट मुक्त हुन सकेका छैनन् ।

३. एसईई (२०८० को नतिजामा पुर्नयोगबाट आवेदक मध्ये ५ प्रतिशत विद्यार्थीहरुको नतिजा फेरबदल भएको छ । फेरबदल पश्चातका नतिजा अझ उच्च ग्रेडमा देखाईएको छ । यो एक उदाहरण मात्र हो । परीक्षक परीक्षणमा गम्भिरता नभएकै कारणले अनेकौं विद्यार्थीहरुको नतिजामा समस्या देखिएको छ । यहि नतिजाको परिणामकै कारणले केहि विद्यार्थीले आत्म हत्या गरेका समाचार मिडियामा आएको धेरैलाई थाहा छ । प्रसंग एसईईको मात्र हैन, कक्षा १२ को नतिजा पनि उत्तिकै विवादित बन्दै आएको छ। त्यस्तै विश्वविद्यालय तहका परीक्षामा त झनै प्रश्न पत्र नै गत वर्षको कपि पेष्ट गर्ने, पाठ्यक्रम बदलिएकोमा प्रश्न निर्माताको ध्यानै नजाने, एउटा विषयको जाँचमा अर्कै विषयको प्रश्नपत्र वितरण गर्ने, उत्तरपुस्तिका नै हराउने, फेरी दोहर्‍याएर जाँच लिने, नतिजामा समेत ब्यापक त्रुटी भएका समाचारले हाम्रो उच्च शिक्षा थप आलोच्य बन्दै आएको छ। यस प्रकारका लापरबाहीपूर्ण ब्यवहारले विद्यार्थीमा नैराश्यता र खिन्नता उत्पन्न हुनु अन्यथा होईन ।

४. प्रश्नपत्र छपाई गर्ने अर्थात तयारी गर्ने, कडा सुरक्षाका बिच प्रश्न प्याक गर्ने, प्रहरी चौकीमा प्रश्नपत्रका थैला पुर्‍याउने, केन्द्राध्यक्षहरुको बैठक हुने, परीक्षा केन्द्रका गेटमा परीक्षार्थीहरुको चेकजाँच हुने, परीक्षा केन्द्रमा जिल्लाका ठूला मान्छेहरुको ताँतीले अनुगमन गर्ने, रजिष्टरमा उत्कृष्ट परीक्षा संचालन लेखिएका हरफहरु सहित हस्ताक्षर गर्ने, फोटो सेशन गर्ने, पत्रकारहरु परीक्षाहल भित्र गई विद्यार्थीको विचार रेकर्ड गर्दै प्रसारण गर्ने, उ.पु.. कपडाको थैलोमा लाहाछाप सहित प्याक गर्ने, प्रहरीका साथमा उक्त कापी चौकी लगेपछि पहिलो चरण पूरा हुन्छ। हिजो यस्तो थियो, गत वर्ष जस्तो गरियो, यो वर्ष पनि त्यसै गरी गर्नु पर्छ भन्ने यथास्थितिवादका पक्षधरहरुको बोलवाला भएकै कारणले न परीक्षा प्रणालीमा सुधार भयो न त समग्र विद्यार्थी मूल्याङ्कन नै समयानुकूल बन्न सक्यो ।

५. त्यस्तै अभ्यासमा रहेको, एक जिल्लाको कापी भिन्न जिल्लामा लाने, उ.पु. कोडिङ्ग गर्ने, परीक्षण केन्द्रमा परीक्षकहरुको भिड हुने, परीक्षक बन्न बनाउन सोर्सफोर्स लाग्ने, कतै कमिशनको कारोबार पनि हुने, परीक्षकलाई उत्तर पढ्न भन्दा पनि रातो मार्किङ्ग गर्न प्रतिस्पर्धा हुने किनकि उ.पु. संख्याको आधारमा रकम पाईने हुन्छ । त्यस्तै सम्परीक्षणको काम स्याम्पलिङ्ग सहि गराउने औपचारिकताबाट सम्पन्न गरिन्छ। उ.पु. डिकोडिङ्ग गरेर परीक्षण केन्द्रका कर्मचारीबाट मार्क स्लिपको फाईल तयार गर्ने र बोर्डमा पठाउने महत्वपूर्ण भनिने काम यो चरणमा सकिन्छ। अनि, परीक्षा बोर्डका गोप्यकोठामा मार्क स्लीपबाट कम्प्युटर पोष्टिङ्ग गर्ने काम सकिए पश्चात मात्र ग्रेडिङ्ग सिस्टमको सफ्टवेयरमा ईन्ट्री गरेर ग्रेड कायम गरिन्छ। केहि ग्रेस अंकका काम सकेर नतिजा प्रकाशनको तयारी प्रक्रियामा प्रवेश हुन्छ। यो एसईईको मात्र उदाहरण हैन, कक्षा १२ र विश्वविद्यालय तहका परीक्षाका अवस्था पनि यो विधि भन्दा तात्विक अन्तरका छैनन् ।

६. अहिले, कक्षा १२ को परीक्षामा राष्ट्रिय परीक्षा बोर्डले प्रश्नपत्र ई मेलबाट परीक्षा केन्द्रमा पठाउने कामबाट गरेर हामी पनि परिवर्तनका लागि सक्षम छौं भन्ने साबित गरेको छ । यो सकारात्मक र एक कदम वैज्ञानिक भन्नै पर्दछ। यद्यपि, यो ईमेल विधिमा सुधार गर्नैपर्ने पक्षहरु धेरै हुँदाहुँदै पनि यो एक प्रगतीशील पाईलो भन्नै पर्दछ । एसईईमा पनि यो सम्भव नभएको भन्ने स्थिति छैन। यो परीक्षाको प्राविधिक विषय हो । प्राविधिक तथा विश्वविद्यालय स्तरका परीक्षामा पनि प्रश्नपत्र ईमेलबाट उपलब्ध गराउन सकिन्छ भन्ने साबित भईसक्दा पनि फेरि पुरानै शैलीमा जानेकाम उपयुक्तु भन्न सकिदैंन । परीक्षा केन्द्रमा प्रहरीको उपस्थिति विशिष्ट अवस्थामा मात्र हुनुपर्ने हो, सामान्य स्थितिमा प्रहरीको जरुरी पर्दैन । अनुगमन र प्रचारको काम पनि आवश्यकता भित्र पर्दैनन् । प्रविधिको प्रयोगबाट सिधै परीक्षा बोर्डका पदाधिकारीले आफ्नो अफिसबाट परीक्षाहलको अनुगमन गर्न सकिन्छ । बिस्तारै प्रविधिबाट सफ्टवेयर मार्फत अनलाईन परीक्षा तर्फ उन्मुख बन्ने स्थितिमा परम्परागत शैलीमै अल्मलिनुलाई सकारात्मक भन्न सकिदैंन ।

७. परीक्षालाई थप प्रभावकारी र सान्दर्भिक बनाउन स्थानिय तह, प्रदेश स्तर र केन्द्रमा गरी तिनवटा परीक्षा बोर्डको विधिपूर्वक ब्यवस्था गर्नैपर्छ। यी परीक्षा बोर्डले सम्वन्धित स्तरमा समन्वय गरी परीक्षा संचालन र नतिजा प्रकाशन समेतको काम गर्न सक्छन् । हामीले गुणस्तरका अधिक चर्चा गर्छौं, त्यो गुणस्तरका क्षेत्रमा परीक्षा बोर्डको महत्वपूर्ण भूमिका रहनुपर्दछ। अर्को तर्फ आन्तरिक वा प्रयोगात्मक मूल्याङ्कनबाट विद्यार्थीको ब्यवहारिक परिवर्तनसँगै हासिल गरेको सीपको मापन गर्ने काम सम्बन्धीत विद्यालयबाट गर्नु राम्रो हुन्छ। विद्यार्थीको उपस्थिति, गृहकार्य, ब्यवहारमा परिवर्तन, कक्षाकार्य, प्रोजेक्ट वर्क, सिप सिकाईको प्रदर्शनी, अनुशासनको अवस्था, जस्ता शिर्षकमा आन्तरिक तथा प्रयोगात्मक मूल्याङ्कन पारदर्शी र विश्वश्नीय बनाउनु पर्दछ । यसो गर्दा, हचुवा अंक दिने र सबैलाई पास गर्ने परम्पराको अन्त्य हुने अपेक्षा गर्न सकिन्छ ।

*(लामिछाने सेवानिवृत्त शिक्षक हुनुहुन्छ ।)*

# प्रचण्डले संसदमा सम्झाएको बंगलादेश–श्रीलंका



बसन्त बस्नेत

प्रचण्डका बारेमा माओवादी वृत्तमा किस्सा छ- उनी अन्तर्विरोधमा खेल्न यति माहिर छन् कि, परिआयो भने आफ्नै नातिहरुलाई समेत राति हजुरबासँग कोचाहिँ सुत्न पाउँछ भनी आपसमा लडाइदिन्छन् ।

कहिले बाबुराम भट्टराई र मोहन वैद्य, कहिले विप्लव र वर्षमान पुन, कहिले जनार्दन शर्मा र वर्षमान पुन, प्रचण्डले खेलेका अन्तर्विरोधहरुको शृंखला पार्टीभित्र मात्रै सीमित छैन ।

हालका गृहमन्त्री रमेश लेखकले पालैपालो धोका पाएकाहरु एक ठाउँ मिले भने तपाईंको के हालत हुन्छ भनी पोहोर संसदमा गरेको भाषणले हामीलाई विगतमा प्रचण्डको धोकामा परेका गिरिजाप्रसाद कोइराला, माधव नेपाल, केपी ओलीदेखि अनेक पात्रहरुको सम्झना हुन्छ ।

र, ती बालक नातिहरु जसको नाम, वतन यहाँ नखोलौं । तर विम्ब र प्रतीकमा तिनलाई माओवादी पंक्तिमा जसरी चर्चा गरियो, यसको अर्थ भने प्रचण्डको मनोविज्ञानसँग ठ्याक्कै मिल्छ ।

त्यसैले दोस्रो पुस्ताका माओवादी नेताहरु कारुणिक हाँसो हाँस्दै यो नाति-किस्सा बेलाबखत सुनाउने गर्छन् ।

सबैलाई थाहा छ, प्रचण्ड यतिबेला राजनीतिक अस्तित्वको दबाबमा छन् । २६ साउनको पार्टी बैठकमा उपमहासचिव जनार्दन शर्माले १३ पानाको दस्तावेज राख्ने क्रममा त्यो संकटलाई तथ्यांकसहित राखिदिएका छन् ।

उनले सोधेका छन्, '०६४ चुनावका बेला १२० सिटमा हामीलाई बहुमत दिने मतदाता र निर्वाचन क्षेत्र प्रायः सबै हामीबाट खोसिएका छन् । हामी शून्यतर्फ उन्मुख छौं । पहिलो संसदीय चुनावमा हामीलाई प्राप्त ३१ लाख मतदाताको अभिमत अहिले खस्किएको छ। त्यसपछिका चुनावमा कुल मतदाता संख्या बढे पनि हामी भने निरन्तर १४ लाख, ११ लाख हुँदै अझ खुम्चिनेतर्फ उन्मुख छौं। आज पार्टीमा जो जति छन्, ती सबै असन्तुष्टि बोकेर बाँचेका छन् । यसको जिम्मेवारी मूल नेतृत्वले लिन किन आनाकानी गरिरहेको छ ?'

जनार्दनले प्रचण्डको नाम नलिए पनि यो उनीबाहेक दोस्रो व्यक्तिलाई सोधिएको प्रश्न होइन। र, प्रचण्ड यतिबेला यो प्रश्न शानदार ढंगले पन्छाउन चाहन्छन् । मुखमा नेल्सन मन्डेला जप्ने नेपाली नेतृत्वको कुटकुटमा रोबर्ट मुगाबे बन्ने चाहना भरिएको छ ।

३५ वर्षयता निरन्तर पार्टीसत्ता, अनि पटकपटक राज्यको नेतृत्व वा साझेदारका रुपमा प्रचण्ड र उनको माओवादीले चलाएका छन् । बाबुराम भट्टराई प्रधानमन्त्री बन्दा होस् या त्यसअघि र पछि पार्टीका असंख्य उपप्रधानमन्त्री- मन्त्रीहरुको जुन लस्कर निर्माण भयो, पार्टी जतिसुकै सानो आकारमा खुम्चिँदै गए पनि ती मन्त्रीहरुलाई लाइन लगाउने हो भने पेरिसडाँडादेखि सिनामंगलसम्म पुग्न सक्छ ।

र, त्यो लस्कर माओवादीकै ब्यानरमा निर्माण भएको हो । अकालमै मारिएका शहीद र हराएका बेपत्ताका नाममा स्मृति गेट बनाएर माओवादीका नेताहरुले निरन्तर राज गरिरहे । र, आज प्रचण्ड नेपालमा बंगलादेश र श्रीलंकाको घटना दोहोरिन सक्ने खतरनाक चेतावनी संसदबाट दिइरहेका छन्। प्रधानमन्त्रीबाट हटेको डेढ महिनामै आफ्नो प्रयोजनविहीन म्याजिक नम्बर ३२ कै बलमा यत्रो शक्ति प्रचण्डलाई आएको हो ? वा यसका पछाडि अरु को छ ?

कहिले राजासँग, कहिले कांग्रेस, एमालेलगायत शक्तिसँग, कहिले भूराजनीतिक शक्तिहरुसँग अन्तर्विरोध सिर्जना गर्ने, त्यहाँभित्रको खिचातानी वा संकटलाई उपयोग गर्दै अगाडि बढ्ने प्रचण्डको पुरानो बानी हो। डेढ वर्ष शासन चलाएर असारमा बहिर्गमित हुनेबित्तिकै प्रचण्डलाई कहाँबाट अचानक श्रीलंका र बंगलादेशको सम्झना हुन आयो ?

पक्कै पनि प्रचण्डले प्रतिपक्षी नेताको हैसियतमा मंगलबार प्रतिनिधिसभामा बोल्ने क्रममा सरकारमाथि थुप्रै प्रश्न उठाउनु अनौठो थिएन ।

...बाँकी पृष्ठ ३ मा

# प्रहरी सेवा प्रवाहको स्तरमा सुधार गर्न निरीक्षण



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाको आयोजनामा प्रहरी लाठ्ठी मापदण्डबमोजिम निरीक्षण सम्पन्न भएको छ । बिहीबार प्रहरी कार्यालयमा प्रहरी लाठ्ठी मापदण्डबमोजिम निरीक्षण सम्पन्न भएको हो ।

प्रहरी कार्यालयहरूको प्रहरी सेवा प्रवाहको स्तरमा सुधार गर्न, संगठनको कार्य सम्पादनमा स्रोत साधनको व्यवस्थापनमा मितव्ययिता, उपयोगमा कार्य दक्षता र उद्देश्य प्राप्तिमा प्रभावकारी मूल्यांकन गर्न तथा सांगठनिक सुधारका प्रयासहरुमा असल अभ्यासहरुसहित पृष्ठपोषण गर्ने उद्देश्यले प्रहरीको मूल्यांकन गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

केन्द्रीय कार्यदक्षता मूल्यांकन समितिका संयोजक एवम् राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्ज काठमाडौंका कार्यकारी निर्देशक प्रहरी अतिरिक्त महानिरीक्षक सुदिप गिरी, प्रहरी नायव महानिरीक्षक राजेशनाथ बास्तोलासहितको प्रहरी टोलीले बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाको सम्पूर्ण शाखाहरूको प्रशासनिक अभिलेख व्यवस्थापन, कार्यसम्पादनको स्तर, आन्तरिक व्यावस्थापन, सरसफाइ, प्रहरी कार्यालयको जवाफदेहिता, नवीनतम कार्यहरूको अभ्यास, रचनात्मक कार्यको प्रयासलगायत मेस र ब्यारेकको निरीक्षण तथा वृक्षरोपणसमेत गरिएको बताइएको छ ।

निरीक्षणको क्रममा बागमती प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक बिष्णुकुमार केसीले सम्पूर्ण बागमती प्रदेशको वस्तुस्थितिसहित शान्ति सुरक्षाको अवस्था, अपराध अनुसन्धान तथा नियन्त्रण, स्रोतसाधन व्यवस्थापन, मानव श्रोत एवम् प्रशासनिक व्यवस्थापन, सूचना प्रविधि, सृजनात्मक तथा रचनात्मक कार्यलगायतका विषयवस्तुहरूको प्रस्तुतिकरण गर्नुभएको हो । महानिरीक्षक गिरीले प्रहरी कर्मचारीहरुलाई निर्देशनको क्रममा नेपाल प्रहरी कार्यदक्षता मूल्यांकनले कार्यालयगत कामकारवाहीमा भएका कमी कमजोरीहरु निर्क्यौल गरी कार्यालयको कार्यसम्पादनमा थप प्रभावकारिता ल्याई कार्यदक्षता वृद्धि गर्ने कुरामा जोड दिनुपर्ने बताउनुभएको छ ।

## प्रचण्डले...

प्रतिपक्षले संसदमा खेल्नुपर्ने भूमिकामा उनी अग्रसर बन्नुलाई प्रश्न उठाइहाल्न मिल्दैन पनि । तर प्रचण्डलाई एउटा प्रश्न भने सोधिएन भने अन्याय हुन्छ- युद्धपछि एकाधपल्टबाहेक सधैंजसो सत्तामै बसेर राज्यको भोगचलन गरिआएको माओवादीका शीर्ष नेताले किन श्रीलंका र बंगलादेशको दृष्टान्त दिँदै प्रधानमन्त्री केपी ओली र सत्ता साझेदार कांग्रेसलाई चुनौती दिए ?

सबैलाई ज्ञान भएकै कुरा हो- अरब क्रान्ति होस् या त्यसयताका अनेक आन्दोलनहरुमा सामाजिक सञ्जालले युवाहरुलाई हालसम्मका कुनै पनि प्रविधिले भन्दा छिटोगरी एकत्रित गराइदिएको छ ।

विगतमा प्रचण्ड स्वयं, अनि कतिपय नेतामाथि हातपात प्रयास हुँदा सामाजिक सञ्जालमा भएका सेलेब्रेसनबारे उनलाई हेक्का नहुने कुरै भएन । टिकटक बन्द गराउने बेला प्रधानमन्त्रीको हैसियतमा उनले दिएका तर्क अझै बिर्सन मिल्दैन ।

काठमाडौं मेयर बालेनले सिंहदरबार जलाउँछु भन्दा वा सडक विभागमा फोहोर थुपार्दा हाललाई वाहवाहीको कमी छैन । रवि लामिछानेले समाचार लेखेकै आधारमा मिडिया अफिस घेर्न भीड लिएर आउँछु भन्दा हाईहाई रवि दाइ चलेको डेढ वर्षअघिमात्रै हो । भलै त्यही स्तरको उत्साह हिजोआज उनीप्रति देखिँदैन, त्यो जग्गामा अर्कैले झण्डा गाड्न लागिसक्यो ।

नायकको खोजीमा भौतारिइरहेको समाजमा अझै पनि आम असन्तोष चिर्न कोही बादशाह टाइपको व्यक्ति आउने छ भन्ने चाहना कम्ती छैन ।

जनताको मतमा क्रमशः साँघुरिँदै गए पनि प्रचण्डले मंगलबारको संसद भाषणमा आफूसँग असन्तुष्ट तिनै जनताको समेत पक्षबाट आवाज उठाउन खोजेका छन् । तर प्रचण्ड किन बंगलादेश र श्रीलंकाको विशाल भीड देखाएर त्रास सिर्जना गर्न खोज्दैछन्, जबकि उनी त्यही 'भीड' सँग डराएर काठमाडौंबाट सिरहा, सिरहाबाट चितवन, चितवनबाट गोरखा सरिरहेका छन् ।

जेसुकै तर्क दिए पनि प्रचण्ड चितवन ३ को सम्भावित उम्मेदवारीबाट रातारात गोरखा सर्नुका पछाडि कुन त्यस्तो त्रासपूर्ण मनोविज्ञानले काम गरेको थियो भन्ने उनीजत्ति राम्रो जानकारी अरु कसैलाई छैन ।

इतिहासको सही विश्लेषण गरौं । बंगलादेशमा जुन युवा विद्रोह भयो, त्यो नेपालमा पहिल्यै भइसक्यो । श्रीलंकामा जुन असन्तोष विस्फोट भयो, त्यो नेपालमा पहिल्यै विस्फोट भइसक्यो । नेपालमा क्रमिक लोकतान्त्रिक क्रान्तिहरुले विस्तार गर्दै लगेको मूलधार अझै पनि फैलिइसकेको छैन । यो अझै पनि संकुचित छ । अझै पनि नागरिकहरुले चाहेको जस्तो तीव्र सुधारले बाटो पक्रन सकेको छैन ।

प्रधानमन्त्री केपी ओली आफैंले तीन दिनअघि आफू चारवटा मातहत विभागलाई भखैर राखेर गरेको बैठकमा उठेका प्रश्नहरुबाट त्यसको छनक पनि मिल्छ । अझै पनि सामाजिक विस्फोटहरु उत्पन्न नहोलान् भन्न सकिन्न । तर हसिना वाजेद भागेझैं नेपाली नेता भाग्ने दिन आयो भने प्रचण्डमात्रै चैनले खुमलटारमा सुत्न पाउने छैनन् । तसर्थ संसदमा बोल्ने क्रममा आफूले कति खतरनाक वाक्य बोलें भनी उनले आत्मसमीक्षा गर्नु आवश्यक छ ।

ओली, शेरबहादुर देउवा वा अरु नेताहरुबारे प्रशस्तै प्रश्न उठाउने ठाउँ छन् । अनि प्रचण्ड आफैं चाहिँ डेढ महिनाअघि संसदको सिट एरेन्जमेन्ट बदलिएका भरमा प्रश्नबाट बाहिर छन् त ? अहिले नेपालमा जुन बदलाव आइरहेको छ, यसको जस वा अपजस दुवै नेतृत्वले लिनुपर्छ ।

सत्तामा ओली वा देउवा आउँदैमा, वा तिनलाई प्रचण्डजस्तो अर्को व्यक्तिले प्रतिस्थापित गर्दैमा नेपाल राज्यका समस्या एक छडीको भरमा समाधान हुँदैनन् । नो नट् अगेन भन्दैमा, नेताविशेषलाई अक्षम करार गरेर लिंगद्वेषी सारी चुरा लगाइदिँदैमा वा सामाजिक भोक, तिर्खा र छटपटीलाई मिठा शब्दहरुको रेसिपीले पस्किँदैमा त्यसैको बलमा फेरि पुनरोदय हुन सकिन्छ भन्ने सोच घातक, गैरजिम्मेवार र समाज-विनाशक छ ।

कोही व्यक्ति रातारात सांसद मन्त्री भएका दृष्टान्त देखेर नेपाली समाजमा अर्को व्यक्ति महत्वाकांक्षी हुन नपाउने भन्ने हुँदैन । तर इतिहासमा नेता उदाएका अनेकथरि दृष्टान्त भएको यो समाजमा फेरि पनि सलाई कोर्न जोकोही तयार हुन सक्छन् । अहिले आगो बाल्ने होइन, पानी हाल्ने नेतृत्व चाहिएको छ । यत्रो वर्ष राज्य संस्थापनको नेतृत्व गरिसकेपछि पनि प्रचण्डलाई त्यसको मतलब भएजस्तो देखिँदैन ।

उनी बंगलादेश श्रीलंका भन्छन् । १० प्रदेश, १४ प्रदेश भन्दै संविधानसभा डुबाउँछन् । दोस्रो सभाकालमा अन्ततः सोह्रबुँदे समझदारी गर्छन् । उनी सीमांकन र नामांकन बेगर नै संविधान जारी गर्न सहमत हुन्छन् । फेरि आन्दोलन उठ्न थाल्छ । उनी कोशीदेखि सुदूरपश्चिमसम्मका अञ्चलकालीन झल्को आउने नामलाई अनुमोदन गर्न सहजै तयार हुन्छन् ।

जब सत्ताबाट बाहिर आउँछन्, तब उनी कोशी होइन, प्रदेश १ को बैठक राख्छन् । उनी प्रदेश सभामा कोशी नामका लागि दुई तिहाइ जुटाउन आफैं अग्रसर हुन्छन् । अब नाम बदल्नुपरे फेरि दुई तिहाइकै खोजी गर्ने संवैधानिक प्रबन्धको सर्वथा उपेक्षा गर्छन्, अनि यो किचलो उठाउँदा जातीय सामुदायिक आगो सल्किन सक्ने विन्दुतर्फ प्रवृत्त हुन्छन् । यही हो प्रचण्डको जिम्मेवारीबोध ? तीनपल्ट प्रधानमन्त्री भएर राज्यका सबलता र सीमा देखिसकेको व्यक्तिले यत्ति सस्तो लोकप्रियतावादी हुन सुहाउँछ ?

त्यसैले संसदमा मंगलबार सारा विषयमा बोल्दाबोल्दै प्रचण्डले जसरी बंगलादेश र श्रीलंकाको घातक दृष्टान्त दिए, त्यो पूरापूर अनुचित छ । त्यो उनी स्वयंबाट खण्डनलायक छ । प्रचण्डसँग त्यस्तो के नयाँ विधि वा समाधान छ, जसबाट आजसम्म नेपाली समाज वञ्चित थियो । अनि यी संकटमोचन गर्न उनी स्वयं अवतार बनेर फेरि आउनेवाला छन् ? कतिपल्ट आगो बालेपछि वा सडकमा उत्पात् मच्चाएपछि यो देश बस्नलायक हुन्छ ?

कांग्रेस र एमालेभित्र अन्तरविरोध सिर्जना गर्न खोज्ने प्रचण्ड प्रयासको मूल्य भने सिंगो समाजले चुकाउन अब आवश्यक छैन । बंगलादेश र श्रीलंका देखाएर आफूलाई चोखो र जवाफदेहीविहीन बनाउने मंगलबारको प्रचण्ड-भाषण जसले लेखेको भए पनि त्यसको पूर्णपाठ तिखो छ ।

प्रश्नहरुमा रमाउने बानी परेको, उत्तरदायित्वको बारेमा किञ्चित चिन्ता नभएको वर्गलाई यसले तत्क्षणको आत्मरति पनि देला । तर प्रचण्डलाई सत्तामा रहँदा रचनात्मक बन्न सल्लाह दिन नसकेका सल्लाहकारहरुले प्रतिपक्षमै भए पनि उनलाई अब स्थिर बन्न सघाउनुपर्छ । यो एउटा राजनीतिकमात्रै होइन, मनोवैज्ञानिक प्रक्रिया पनि हो ।

यसका लागि प्रचण्डले १५ दिनजति बिदामा बसेर ठण्डा दिमागले सोच्न सक्छन्, या कतै यात्रामा जान सक्छन् । अनर्थको उथलपुथलकारी सोचले नेपाली समाजको मानसिकतामाथि शोषण त हुनजान्छ नै, आफ्नै सोच्ने क्षमताको पनि द्रुतगामी खतिमात्रै हुन्छ । यस्तो सोचेर बस्नुभन्दा बरु नातिहरुसँगै खेलेर बसेको बेस । *(स्रोतः अनलाईनखबर)*

## शिक्षकको जन्मदिनमा विद्यालयलाई किताव

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-१, चाइना गेटमा रहेको अमर माध्यमिक विद्यालयकी प्राथमिक शिक्षक रमिला दाहालले आफ्नो जन्मदिनको अवसरमा कार्यरत विद्यालयलाई किताब वितरण गर्नु भएको छ ।

दाहालले गत शुक्रबार विद्यालयकी प्रधानाध्यापक मालती उप्रेतीलाई ७ हजार रुपैयाँ बराबरको ७ थान किताब हस्तान्तरण गर्नुभएको हो । १० कक्षासम्म पठनपाठन हुने अमर माविलाई दाहालले ५ वटा धार्मिक किताब र दुईवटा शब्दकोश वितरण गर्नुभएको हो । अमर माविमा ६ सय ५० जना विद्यार्थी अध्ययनरत छन् ।

## बकैयामा स्वास्थ्य शिविर हुँदै

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिका-५, कर्मचुलीस्थित कृष्ण मन्दिर परिसरमा निःशुल्क स्वास्थ्य शिविर हुने भएको छ । शनिबार श्रीकृष्ण प्रणामी युवा परिषद् कर्मचुलीको सहकार्यमा निःशुल्क स्वास्थ्य शिविर हुने भएको युवा परिषद् मूलमिलावा धामका कोषाध्यक्ष मोहन खतिवडाले जानकारी दिनुभयो ।

हेटौंडा उपमहानगरपालिका-६ स्थित श्री सिद्धस्थली रुरल कम्युनिटी अस्पताल र श्रीकृष्ण प्रणामी युवा परिषद् मूलमिलावा धामको समन्वयमा शिविर हुन लागेको हो । शिविरमा वरिष्ट चिकित्सकको परामर्शसहित निःशुल्क मधुमेह र दन्त जाँच हुनेछ । परिषद्ले शिविरमा निःशुल्क औषधीसमेत वितरण गर्ने खतिवडाले बताउनुभयो । परिषद्ले शिविरमा २ सय जनाको हाराहारीमा स्वास्थ्य जाँच गर्ने लक्ष्य राखेको छ । परिषद्ले पहिलैदेखि स्वास्थ्य शिविरको आयोजना गर्दै आएको छ ।

**आवश्यकता सम्बन्धी सूचना**

*प्रथमपटक सूचना प्रकाशित मितिः २०८१/०५/१४*

उपर्युक्त सम्बन्धमा यस भुटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)को रिक्त तपशिलमा उल्लेखित पदमा खुल्ला प्रतिष्पर्धाबाट पदपूर्ती गर्नुपर्ने भएकोले हेटौंडा उपमहानगरपालिकाको कार्यालय, हेटौंडा मकवानपुरको अनुमती अनुसार सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र इच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वान गरिएको छ ।

**तपशिल**

**विज्ञापन नं. ०३/२०८१/०८२**

तह/श्रेणी : नि.मा.वि, तृतीय
पद : सिभिल इन्जिनियरिङ सह प्रशिक्षक, करार
संख्या : १ जना
न्यूनतम शैक्षिक योग्यता : मान्यता प्राप्त शैक्षिक संस्थाबाट Diploma in Civil Engineering, कक्षा ११ र १२ वा सो सरह Civil Engineering विषय उत्तीर्ण भएको ।
परीक्षाको किसिम : लिखित, मौखिक र कक्षा अवलोकन
परीक्षा दस्तुर : रु १,०००।-
दरखास्त आइपुग्नुपर्ने अन्तिम मिति : २०८१ भाद्र २८ गते
सम्पर्क मिति : २०८१ भाद्र ३० गते
तलब सुविधा : नेपाल सरकारले तोके अनुसार
उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको नेपाली नागरिक
परीक्षा मिति : सम्पर्क मितिको दिन तय गरिने छ ।
आवश्यक कागजाताहरु : हस्तलिखित निवेदन, नेपाली नागरिकताको फोटोकपी, सम्पूर्ण तहको शैक्षिक योग्यताको प्रमाणपत्रको फोटोकपी नोटरी पब्लीक गरेको हुनुपर्ने ।
Nepal Bank Limited
Hetauda C.O
02500100440808000001

थप जानकारीका लागि
**भुटनदेवी मावि (प्राविधिक शिक्षालय)**
हेटौंडा-४, मकवानपुर
सम्पर्क नं. ०५७-५२०४२०


**हाम्रो सुमो सेवाको**

**नयाँ प्रस्तुती...**



**छिट्टै सञ्चालनमा आउँदै ।**

**Electric Van**
**विद्युतीय भ्यानमा यात्रु सेवा**





२०६८ सालदेखि हेटौंडामा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा सञ्चालन गर्दै आएको यस कम्पनिले अब विद्युतीय सवारीसाधन (Elecric Van (EV) मा गुणस्तरी सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं ।

हेटौंडा-काठमाडौं-हेटौंडा | हेटौंडा-बीरगन्ज-हेटौंडा

साथै यस कम्पनिद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोला ।

भेष खड्गी, सञ्चालक

**हाम्रो सुवो सेवा**

हेटौंडा-४, मेनरोड (बलराम दास एण्ड सन्स पेट्रोल पम्प नजिकै)
९८४५४-५७५०७, ९८५५०६८८७३

सम्पर्क
हेटौंडा ०५७-५२१४२१
९८५५०७८३७८ (हटलाइन)

ललितपुर ०१-५४०४४४४
९८५५०-७८४७८ (हटलाइन)
सानेपा (बल्खु पुल पारी पुरानो स्टार हस्पिटलसँगै)

मुख्य कार्यालय हेटौंडा
०५७-५९१०४०

**Admission Open !!!**

+2
Science
Hotel Management
Commerce
Computer Science
Law (English Medium)



BSc. CSIT
BCA
BBS
} TU Affiliate

BSc. CSIT/BCA को तयारी कक्षा चलिरहेको छ ।
(९८५५०७७४१७/९८५५०६७४३५/९८५५०६९४४४)
**हेटौंडा- सिटि कलेज (जेनिथ मावि)**
हेटौंडा-५, पिप्ले

**सामुदायिक रेडियो,**
**रेडियो निकास**
**९३.४ मेगाहर्ज**
**सुनौं र सुनाऔं**
रेडियो निकास ९३.४
The Voice of Community

### प्रदेश स्वास्थ्य ऐन संशोधन प्रतिवेदन समितिबाट पारित

# प्रदेश स्वास्थ्य अनुसन्धान परिषद् स्थापना गरिने

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशसभाअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा कृषि समितिले प्रदेश स्वास्थ्य ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकको प्रतिवेदन सर्वसम्मत पारित गरेको छ । बिहीबार बसेको समितिको बैठकले उक्त विधेयकको प्रतिवेदन पारित गरेको हो ।

समितिकी सचिव हेमा न्यौपानेका अनुसार प्रदेश स्वास्थ्य ऐनको दफावार छलफल र संशोधन समेत सकेर प्रतिवेदन तयार गरी पारित गरिएको छ । समितिको यसअघि बसेको बैठकले सो विधेयक उपर परेको संशोधन प्रस्तावहरु उपर पनि छलफल गरी निर्णय गरेको र प्रतिवेदन तयार गरी पारित गरिएको उहाँले बताउनुभयो । उक्त विधेयक उपर ५ सांसदले राखेको २० वटा दफामा संशोधान माथि समेत छलफल गरी निर्णय गरिएको समितिकी सचिव न्यौपानेले बताउनुभयो ।

प्रतिवेदनअनुसार प्रदेश स्वास्थ्य ऐनमा यसअघिका केही व्यवस्थाहरु परिमार्जन भएको छ भने केही प्रावधानहरु थपिएको प्रदेशसभाका प्रवक्ता एवम् कानुन अधिकृत मनोजकुमार गुप्ताले बताउनुभयो । उहाँका अनुसार उक्त ऐनमा अस्पतालका १० प्रतिशत शैया बेवारिसे तथा अति विपन्न नागरिकलाई उपलब्ध गराउने, अस्पतालको सञ्चालक समितिमा दुई तिहाई नेपाली नागरिक रहनुपर्ने, अस्पताल नवीकरण दस्तुर, कानुन विपरितका काम गरेबापत जरिवानाका विषयहरु संशोधन गरिएको छ । ऐनमा जिल्ला जनस्वास्थ्य समन्वय समिति गठन गर्ने, प्रदेश स्वास्थ्य अनुसन्धान परिषद स्थापना हुनेलगायतका प्रावधानहरु व्यवस्था गरिएको उहाँले बताउनुभयो ।

#### के के भए संशोधन ?

विधेयकको दफा ३ को उपदफा (५) पछि उपदफा (६) थप गरी हरेक अस्पतालले सामाजिक सेवा इकाई स्थापना गरी सो अस्पतालको कुल शैया संख्याको कम्तिमा १० प्रतिशत शैयामा बेवारिसे, अति गरिब, विपन्न, अपांगता भएका विपन्न र असहाय व्यक्तिलाई उपलब्ध सेवा, औषधि तथा उपचार खर्च अस्पतालले व्यहोर्नुपर्ने व्यवस्था गरिएको छ । विधेयकको दफा ४ को उपदफा (४) (क) थप गरी प्रदेशका स्वास्थ्य संस्था तथा अस्पतालमा चिकित्सा र स्वास्थ्य विज्ञान विषयमा अध्ययन अध्यापन गर्न विद्यार्थीलाई क्लिनिकल प्रयोगात्मक सिकाई, अनुसन्धानका लागि मन्त्रालयले स्वीकृति दिनसक्ने व्यवस्था गरिएको छ ।

दफा ४ मा उपदफा (८) थप गरी ऐनबमोजिम बनेका नियमावली आशयपत्र दिन, अनुमति दिन, स्तरोन्नति गर्न वा नवीकरण गर्नका लागि आवेदन दिने स्वास्थ्य संस्था वा अस्पतालले सञ्चालक समितिमा कुल सदस्य संख्याको दुई तिहाई संख्यामा नेपाली नागरिक रहनुपर्ने व्यवस्था गरेको छ । विधेयकको दफा ६ को उपदफा (२) खण्ड १ (क) राखी ऐनबमोजिमको नियमावलीमा उल्लिखित मापदण्डको अतिरिक्त अस्पतालको कुल क्षेत्रफल प्रतिशैया ५५ वर्ग मिटरको कायम गर्नुपर्ने, अस्पतालको कुल क्षेत्रफल गणना गर्दा भुई तलाभन्दा माथिको क्षेत्रफलसमेत गणना गर्ने व्यवस्था गरेको छ ।

दफा ७ मा उपदफा (३) बमोजिमको अवधिपश्चात् अस्पताल वा स्वास्थ्य संस्थाले नवीकरणको लागि मन्त्रालय वा सम्बन्धित निकायमा निवेदन पेश गरेमा नवीकरण दस्तुरका साथै देहायबमोजिमको जरिवाना असुल उपर गरी नवीकरण गर्ने व्यवस्था गरेको छ । सो दफाको उपदफा ३ (क) मा म्याद समाप्त भएको मितिले १ वर्षभित्र निवेदन पेश गरेमा दस्तुरको १२५ प्रतिशत, ३ वर्षभित्र निवेदन पेश गरेमा २०० प्रतिशत, ५ वर्षभित्र निवेदन पेश गरेमा नवीकरण दस्तुरको ३०० प्रतिशत जरिवानाको व्यवस्था गरेको छ ।

वधेयकको दफा १२ ले प्रस्ताव गरेको मुल ऐनको दफा १९ को उपदफा (१) को व्यवस्था हटाएर अस्पताल वा स्वास्थ्य संस्थाले प्रदान गरेको स्वास्थ्य सेवा तोकिएबमोजिमको गुणस्तर तथा मापदण्डबमोजिम भए नभएको सम्बन्धमा हरेक वर्ष स्वमूल्यांकन गरी आर्थिक वर्ष समाप्त भएको मितिले ३५ दिनभित्र तोकिएबमोजिमको दस्तुर बुझाई स्वमूल्यांकन प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरिएको छ ।

विधेयकको दफा १४ ले प्रस्ताव गरेको मूल ऐनको दफा २२ को (१) उपदफा (१) को सट्टामा प्रदेश स्वास्थ्य तथा जनसंख्या समिति गठन हुने व्यवस्था राखिएको छ । जसले प्रदेशभित्रको स्वास्थ्य तथा जनसंख्यासम्बन्धी काम कारवाहीको, अनुगमन र नियमन प्रभावकारी बनाउने, बहुक्षेत्रीय समन्वय र सहकार्य अभिवृद्धि गर्ने, स्वास्थ्य तथा जनसंख्यासम्बन्धी नीतिगत सुझाव दिनेलगायतका कार्य गर्नेछ ।

मुल ऐनको दफा २२ को (२) उपदफा (९) को सट्टामा स्वास्थ्य तथा जनसंख्यासम्बन्धी कार्यक्रम तथा योजनाको कार्यान्वयन, समन्वय, अनुगमन र मूल्यांकन गर्न, प्रदेश र स्थानीय तहबिचको समन्वय र सहकार्य प्रभावकारी बनाउन, स्वास्थ्य समस्या पहिचान र समाधान गर्न, अभिलेख र प्रतिवेदन प्रणाली सुधार गर्न, विपद् तथा महामारीमा समन्वयात्मक रुपमा काम गर्न र जनस्वास्थ्य व्यवस्थापनको लागि मन्त्रालयले प्रत्येक जिल्लामा जिल्ला जनस्वास्थ्य समन्वय समिति गठन गर्न सक्ने व्यवस्था गरिएको छ । जसमा जनस्वास्थ्य कार्यालय प्रमुखको अध्यक्षतामा सदस्यहरु प्रादेशिक अस्पताल प्रमुख वा प्रतिनिधि, आयुर्वेद तथा वैकल्पिक चिकित्सालय प्रमुख वा प्रतिनिधि, जिल्ला समन्वय समिति अधिकृत प्रतिनिधि, सबै स्थानीय तह प्रमुख, स्वास्थ्य महाशाखा वा शाखा, विज्ञ सदस्य, अध्यक्षले तोकेको जनस्वास्थ्य कार्यालयको अधिकृत सदस्यसचिव रहने व्यवस्था गरिएको छ ।

विधेयकको दफा २२ मा मुल ऐनको दफा ५७ को सट्टा प्रदेश स्वास्थ्य अनुसन्धान परिषद् स्थापना हुने व्यवस्था राखिएको छ । जसको उपदफा (१) प्रदेशभित्रका विविध स्वास्थ्य समस्या, रोग रोकथाम नियन्त्रण र उपचारसम्बन्धी विषयमा वैज्ञानिकरुपले अध्ययन र अनुसन्धान गरी सो बमोजिम उपयुक्त योजना बनाउन र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न प्रदेश स्वास्थ्य अनुसन्धान परिषद् स्थापना हुने भनिएको छ ।

सो दफाको उपदफा (२) अनुसार सो परिषद्ले प्रादेशिक नीति, कानुन, मापदण्डबमोजिम स्वास्थ्य समस्या, रोग रोकथाम, नियन्त्रण र उपचारसम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने, गराउने, प्रादेशिक अध्ययन तथा अनुसन्धान नीति तर्जुमा गरी पेश गर्ने, जनसंख्या बसाईसराई र परिवार नियोजनसम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने, स्वास्थ्यसम्बन्धी अध्ययन तथा अनुसन्धानको प्राथमिकता निर्धारण गर्ने, स्वास्थ्यसम्बन्धी अध्ययन तथा अनुसन्धानको अभिलेख राख्ने र प्रतिवेदन प्रसार गर्ने, प्रदेशभित्र स्वास्थ्यसम्बन्धी अध्ययन तथा अनुसन्धान गर्न स्वीकृति प्रदान गर्ने, स्वास्थ्य तथा जनसंख्या व्यवस्थापन र बसाईसराईसम्बन्धी अध्ययन तथा अनुसन्धानको नियमन गर्ने, स्वास्थ्य तथा जनसंख्या र बसाईसराईसम्बन्धी तोकिएबमोजिमका अध्ययन तथा अनुसन्धानसम्बन्धी कार्यहरु गर्ने व्यवस्था राखिएको छ ।

सो दफाको उपदफा (३) मा परिषद्मा खुला प्रतिस्पर्धाबाट प्रदेश सरकारबाट नियुक्त व्यक्ति अध्यक्ष रहने व्यवस्था गरिएको छ भने चिकित्सा, नर्सिङ, जनस्वास्थ्य, औषधि, प्रयोगशालालगायतको क्षेत्रका समस्या, रोग रोकथाम नियन्त्रण र उपचारसम्बन्धी अध्ययन तथा अनुसन्धानमा १० वर्ष अनुभव र स्नातकोत्तर उपाधि प्राप्त गरेका ३ जना व्यक्तिलाई मन्त्रालयले सदस्य मनोनित गर्ने व्यवस्था गरिएको छ । सो परिषद्को सदस्यहरुमा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको शिक्षाध्यक्ष, आर्थिक मामिला तथा योजना मन्त्रालय महाशाखा प्रमुख, प्रदेश नीति तथा योजना आयोगका महाशाखा प्रमुख, स्वास्थ्य मन्त्रालयका महाशाखा प्रमुख, योग्यता र अनुभवअनुसार खुला प्रतिस्पर्धामार्फत् मन्त्रालयबाट नियुक्त व्यक्ति रहनेछन् ।

परिषद्ले स्वास्थ्य अनुसन्धान गर्नका लागि छुट्टै कोष सञ्चालन गर्ने र सो कोषमा नेपाल सरकार, प्रदेश सरकार, विदेशी तथा स्वदेशी, सरकार, संघसंस्था वा व्यक्तिबाट, अध्ययन, अनुसन्धान र परामर्श सेवा प्रदान र अन्य स्रोतबाट प्राप्त रकम हुने व्यवस्था गरिएको छ ।

मुल ऐनको दफा ६७ को उपदफा (१) मा खण्ड (र), (ल) र (व) थप गरेको छ । जसअनुसार खण्ड (र) विपरित कार्य गर्नेलाई पहिलो पटकको लागि २५ हजार रुपैया र दोस्रो पटक गरेमा दोब्बर र तेस्रो पटकदेखि ५ लाख रुपैयाँ जरिवाना हुने, खण्ड (ल) विपरित कार्य गर्नेलाई ५ हजार देखि एक लाख रुपैयाँसम्म जरिवाना हुने, खण्ड (व) विपरित कार्य गर्नेलाई ५ हजार देखि २५ हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था गरिएको छ ।

### जोन स्मृति फुटबल प्रतियोगिता

# सेमिफाइनल समीकरण पूरा

समाज संवाददाता

हेटौँडाः मकवानपुरको मनहरी गाउँपालिकामा जारी प्रथम संस्करणको जोन राना मगर स्मृति फुटबल प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ । गाउँपालिका वडा–६ स्थित जोगीताल मैदानमा क्वार्टरफाइनल चरणको अन्तिम दुई खेलहरु सम्पन्न भएसँगै प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको हो ।

सयपत्री युवा क्लबको आयोजनामा सञ्चालन भइरहेको प्रतियोगिताअन्तर्गत बिहीबार भएको पहिलो क्वार्टरफाइनल खेलमा लालीगुराँस क्लबलाई २–१ गोल अन्तरले हराउँदै एफसी मिन्थाले सेमिफाइनलमा आफ्नो स्थान बनाएको छ भने राइनो एफसीलाई २–० गोलले हराउँदै आयोजक सयपत्री 'बी'ले सेमीफाइनलमा आफ्नो स्थान बनाएको छ ।

एफसी मिन्थाबाट मनिष पौडेल र मिलन स्याङतानले समान एक–एक गोल गरेका हुन् भने लालीगुराँसको तर्फबाट सुलभ थापाले मात्रै एक गोल फर्काउन सफल भएका छन् । यस्तै, आयोजक सयपत्री 'बी'को जीतमा सन्तोष थिङ र रमेश मुक्तानले समान एक–एक गोल गरेका हुन् । प्रतियोगिताको सेमिफाइनल खेल भोलि शनिबार हुने खेलतालिकामा उल्लेख गरिएको छ ।

पहिलो सेमिफाइनल खेलमा फाइनल प्रवेशका लागि आयोजक सयपत्री 'बी' र रमनटार एफसीबीच प्रतिस्पर्धा हुनेछ भने दोस्रो सेमिफाइनल खेलमा फाइनल प्रवेशका लागि आयोजक सयपत्री 'ए' र एफसी मिन्था क्लबबीच प्रतिस्पर्धा हुनेछ । सेमिफाइनल चरणको खेलहरु सम्पन्न भएपछि फाइनल प्रतिस्पर्धीको टुङ्गो लाग्नेछ ।

प्रतियोगिताबाट हेटौंडा फुटबल एकेडेमी, विजयुन एफसी, चितवन जिल्लाको भरतपुर महानगरपालिका, योगज्योति क्लब, बेलचोक, सुनादेवी एफसी मनहरी, एफसी सिम्पानी, लामिटार, कमलादेवी, सशस्त्र प्रहरी बलको एपीएफ, जय मनकामना, मिसन–८४, जनहित, लालीगुराँस नयाँबस्ती र राइनो एफसीका टिम बाहिरिइसकेको छ ।

२०७२ सालको भूकम्पमा परेर निधन भएका राना मगरको स्मृतिमा सयपत्री युवा क्लबले यस वर्षबाट प्रतियोगिता आयोजना गरेको हो । प्रतियोगिताका लागि प्रथम पुरस्कारको प्रायोजन स्वर्गीय जोनका दाजु जकै राना मगरले गर्नुभएको छ भने द्वितीय पुरस्कारको प्रायोजन सुनाचुरी सामुदायिक वन उपभोक्ता समूहले गरेको बताइएको छ । प्रतियोगितालाई सफतापूर्वक सम्पन्न गर्नका लागि प्रहरी परिचालन, स्वयमसेवकको व्यवस्था र मनोज जिम्बाको संयोजकत्वमा सुरक्षा व्यवस्था समिति गठन गरेको छ । प्रतियोगिताका लागि विभिन्न निकायहरुबाट सहयोग प्राप्त भएको आयोजक कमिटीले जानकारी दिएको छ ।

प्रतियोगिताको उपाधि विजेता टिमले ३० हजार रुपैयाँ नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै, विधागत खेलाडीहरु उत्कृष्ट खेलाडी, उत्कृष्ट गोलरक्षक, हाइ स्कोरर, उत्कृष्ट फरवार्डलगायतका खलाडीहरुले २ हजार रुपैयाँ नगद राशिसहित ट्रफी प्राप्त गर्नेछन् । विभिन्न खेलाडीहरुलाई फुटबल खेलको महत्व बुझाउन, खेलाडीको प्रतिस्पर्धात्मक क्षमता बढाउन र खेलाडीहरुबीच भातृत्व कायम गराउनका लागि यस्तो प्रतियोगिता आयोजना गर्न सुरु गरेको बताएको छ । प्रतियोगितालाई निरन्तरता दिने आयोजक कमिटीको योजना रहेको छ ।

प्रतियोगिताको फाइनल खेल आउँदो सोमबार हुनेछ । प्रतियोगिताका लागि करिब १ लाख ३० हजार रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ ।

### जिल्ला लिग फुटबल प्रतियोगिता आजबाट

# उद्घाटन खेलमा न्यु डाँफे र महावीर भिड्ने

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा आज शुक्रबारबाट जिल्ला लिग फुटबल प्रतियोगिता हुँदैछ । हेटौंडा–११ थित सिमलटार मैदानमा हुने उद्घाटन खेलमा साविक विजेता न्यू डाँफे युवा क्लब र महावीर क्लबबीच प्रतिस्पर्धा हुनेछ ।

करिब ४ वर्षको अन्तरालमा हुन लागेको प्रतियोगिताको उद्घाटन हेटौंडा उपमहानगरपालिकाकी नगर प्रमुख मीनाकुमारी लामाले गर्नुहुनेछ । जिल्ला फुटबल संघका पदाधिकारीहरुको उपस्थितिमा संघको कार्यालयमा सोमबार २८ वटा टिमहरुलाई प्रत्येक समूहमा ७ वटाको दरले ४ समूहमा विभाजन गरिएको छ । जिल्ला लिगको प्रत्येक समूहको वरियताक्रमको आधारमा क्लबलाई ए, बी र सी डिभिजनमा छुट्याइने छ ।

कोरोनाको कारण सञ्चालन हुन नसकेको लिग प्रतियोगिता यस वर्षबाट सञ्चालन हुन लागेको अखिल नेपाल फुटबल संघ (एन्फा)का केन्द्रीय सदस्य एवम् मकवानपुर जिल्ला फुटबल संघका अध्यक्ष टीकाराम लामाले बताउनुभएको छ । २ वर्ष पहिला लिग सञ्चालन गर्ने प्रयास गर्दा लिग स्थगित भएको बताउनुहुँदै अध्यक्ष लामाले त्यसपछि प्रतियोगिता आयोजना गर्न नसकेको जानकारी दिनुभयो । जिल्ला लिग फुटबल प्रतियोगिताको उपाधि विजेता टिमले असोज महिनामा हुने बागमती प्रदेश लिग फुटबल प्रतियोगितामा सहभागी हुन पाउने उहाँले बताउनुभयो ।

प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र र उपविजेता टिमले पचास हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ । प्रतियोगिता आयोजनाका लागि करिब १२ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान रहेको छ ।

४ वर्षअघिको प्रतियोगितामा हेटौंडा–१७ स्थित हटिया स्पोर्ट्स उपविजेता बनेको थियो । प्रतियोगितालाई छिट्टै सम्पन्न गर्नका लागि हेटौंडा–६ स्थित गौरीटार रंगशालामा पनि खेल सञ्चालन गरिनेछ । प्रतियोगिताको फाइनल खेल असोज ९ गते हुनेछ ।

# वार्षिक उत्सवमा ४ सय ३६ जनाले गरे रक्तदान



समाज संवाददाता

हेटौंडाः मानवसेवा आश्रमको १२ औं वार्षिकोत्सवको अवसरमा देशका विभिन्न स्थानमा भएको रक्तदान कार्यक्रममा ४ सय ३६ जनाले रक्तदान गरेका छन् । आश्रमले देशको १८ स्थानमा रक्तदान कार्यक्रम आयोजना गरेको मानवसेवा आश्रम मकवानपुरकी उपाध्यक्ष उमा भण्डारीले जानकारी दिनुभयो ।

देशभर भएको रक्तदान कार्यक्रममा सबैभन्दा धेरै नेपालगञ्जमा ३३ जनाले रक्तदान गरेको भण्डारीले बताउनुभयो । यसैगरी सर्लाही, झापा र कास्की जिल्लामा ३२–३२ जनाले रक्तदान गरेका छन् । ललितपुर र विराटनगरमा ३०–३० जनाले रक्तदान गरेका छन् ।

काठमाडौंमा २८ जना, हेटौंडामा २७ जना, जनकपुरमा २६ जना र गोरखामा २५ जनाले रक्तदान गरेको उपाध्यक्ष भण्डारीले जानकारी दिनुभयो । यस्तै, रुपन्देहीमा २३ जना, भक्तपुरमा २१ जना, लमजुङ र वीरगञ्जमा २०–२० जनाले रक्तदान गरेका थिए । धनगढी र बागलुङमा भएको रक्तदान कार्यक्रममा १६–१६ जनाले रक्तदान गरेका छन् । डाङमा १४ जना र सुर्खेतमा ११ जनाले रक्तदान गरेको भण्डारीले बताउनुभयो । मानवसेवा आश्रमले वार्षिक उत्सवको अवसरमा विभिन्न कार्यक्रम गर्दै आएको छ । वार्षिक उत्सवको अवसरमा देशभर नै एकैपटक रक्तदान कार्यक्रमको आयोजना भने पहिलो पटक गरेको हो ।

# कैलाशले लेखन कार्य अगाडि बढायो

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्लाको कैलाश गाउँपालिकाको शिक्षा शाखाले शिक्षा योजना लेखन कार्य अगाडि बढाएको छ । बुधबार पालिकामा भएको गाउँ शिक्षा योजना निर्माणसम्बन्धी सुझाव संकलन कार्यक्रमको निर्णयअनुसार लेखन कार्य अगाडि बढाइएको पालिकाका शिक्षा शाखा प्रमुख दीपेन्द्र अधिकारीले जानकारी दिनुभयो ।


अधिकारीका अनुसार कार्यक्रममा पालिकाका कार्यसमितिले लेखन कार्य अगाडि बढाउने निर्णय भएको थियो । कार्यसमितिले विद्यालय विवरण, विद्यार्थी विवरण, भवनको अवस्था र नतिजा विश्लेषणमा लेखन कार्य अघि बढाउने भएको छ । पालिकाको शिक्षा शाखाले मंसिरसम्म तथ्यांक संकलन सक्ने अनुमान गरिएको अधिकारीले बताउनुभयो ।

सुझाव संकलन कार्यक्रममा पालिकाका वडा अध्यक्ष र माध्यमिक विद्यालयका प्रधानाध्यापकहरुको सहभागिता रहेको थियो । शिक्षा शाखाले गत बिहीबार एक सूचना जारी गर्दै पालिकाका प्रधानाध्यापक, वडा अध्यक्षलगायतलाई उपस्थितिका लागि अनुरोध गरेको थियो । सुझाव संकलन कार्यक्रममा दातृ प्रारम्भिक कक्षा सिकाईको प्राविधिक सहयोग रहेको अधिकारीले बताउनुभयो ।

पालिकाले पठनपाठन शिक्षालाई पहिलो प्राथमिकतामा राखेर छलफल गरेको उहाँको भनाइ छ । शाखाले पालिकाको शैक्षिक क्षेत्र सुधार गर्ने उद्देश्यले विभिन्न संघसंस्था, माविका प्रधानाध्यापकहरुलाई सुझाव संकलन गर्न बोलाएको र कार्यक्रमको आयोजना गरेको अधिकारीले बताउनुभयो ।

गाउँपालिकामा ६ वटा मावि, ४ वटा निमावि र ३८ वटा प्राथमिक विद्यालय रहेको अधिकारीले बताउनुभयो । कैलाश गाउँपालिकामा ६ हजार ५ सयको हाराहारीमा विद्यार्थी रहेका छन् ।

## बुधबारे बालसाहित्य



यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

**सम्पादक ।**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ